# कमलामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, सिन्धुली

### विषय :- विटौरीकर (हाट बजार कर) ठेक्कावाट उठाउने कार्यको दरभाउ-पत्र आब्हान सम्वन्धी सूचना ।

प्रथम पटक प्रकाशन मिति २०७६/०३/१२ गते ।

यस कमलामाई नगरपालिका वडा नं.९ स्थित इनारपानीमा प्रत्येक शुक्रवार लाग्ने हाटको (विटौंरीकर) हाटकर र वडा नं. ६ प्लट नं. २ माढीवजारको पश्चिम पट्टी प्रत्येक शनिवार लाग्ने हाटमा आ.व. ०७६/०७७ को लागि ठेक्का प्रथावाट हाटकर असुली गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना देहायको शर्तको अधिनमा रही रीतपूर्वक गोप्य शिलवन्दी दरभाउ-पत्र पेश गर्न सूचित गरिन्छ ।

१.इच्छुक व्यक्ति वा संस्थाले सूचना प्रकाशित मितिले १५(पन्ध्रौं) दिनको कार्यालय समय सम्म नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि लगायतका कागजात संलग्न गरी निवेदन साथ रु.१०००।-(एकहजार) फिर्ता नहुने गरी वुझाई यस क.न.पा., नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखावाट दरभाउ -पत्र मिति २०७६/०३/२६ गते सम्म खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले १६औं दिन ( मिति २०७५/०३/२७ गते) दिनको १२:०० वजे भित्र गोप्य शिलवन्दी दरभाउ-पत्र क.न.पा., नगर कार्यपालिकाको कार्यालय सिन्धुलीमा दर्ता गराउनु पर्नेछ । तोकिएको समय भित्र दर्ता हुन आएका दरभाउ-पत्रहरु क.न.पा., नगर कार्यपालिकाको कार्यालय, सिन्धुलीमा सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहावरमा क.न.पा., नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउ-पत्र साथ आफुले कवुल गरेको अंकको २.५% का दरले हुन आउने रकम यस कार्यालयको रा.वा.वैंक सिन्धुली स्थित धरौंटी खाता नं.१०६०३०३००७१०२ (ग ३-१) धरौटीमा जम्मा गरेको सक्कल भौंचर संलग्न गरी आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट वुझिने गरी लेखी सहीछाप गरी पेश गर्नु पर्नेछ । अंक र अक्षरमो फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. ठेक्का स्वीकृत हुने दरभाउपत्रदाताले आफुले कवोल गरेको अंक वरावरको वैंक ग्यारेटी (२०७७ साल श्रावण मसान्त सम्म म्याद भएको ) पेश गर्नु पर्ने वा अग्रिम नगदैं भुक्तानी गरी तोकिएको समयावधी भित्र ठेक्का सम्झौता गर्नु पर्ने छ । अन्यथा धरौंटी जफत गरिनेछ ।

५. दरभाउपत्रदाताले दरभाउ-पत्र साथ संलग्न आर्थिक ऐन अनुसूचि ७ मा उल्लेख भए वमोजिमको दररेटमा मात्र रकम असुल गर्न पाउनेछ ।

६. दरभाउ-पत्र विक्री, दर्ता वा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सो कार्य गरिनेछ ।

७. विटौंरीकर (हाटकर) ठेक्का लिने दरभाउपत्रदाताले क.न.पा. ९ भिमानमा शुक्रवार र क.न.पा. ६ मा शनिवार बाहेक अन्य दिन रकम उठाउन पाउनेछैंन ।

८. विविध कारणले हाट नलागेमा हाटकर मिनाहाको लागि दावी गर्न पाइने छैंन् ।

९. दरभाउ-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।

१०. अग्रिम नगद भुक्तानी नगरेको अवस्थामा वोलपत्रको अंकलाई तीन किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता गर्दाकै वखतमा र अन्य किस्ता प्रत्येक चौमासिकको शूरुमा वुझाउनुपर्नेछ । म्याद भित्र किस्ता रकम नवुझाएमा उक्त तिर्न वाँकी रकममा न.पा.ले १०%का हिसावले थप जरिवाना लिन सक्नेछ ।

११.अग्रिम एकमुष्ट ठेक्का कवुल रकम वुझाएमा कूल रकमको ५%ले हुन आउने रकम छुट्र दिईनेछ ।

१२. भिमानमा लाग्ने शुक्रवारको हाट र माढीवजारमा लाग्ने शनिवारको हाटको लागी छुट्टा-छुट्टैं दरभाउपत्र खरिद गर्नु पर्नेछ र दर्ता समेत अलग-अलग रुपमा गर्नु पर्नेछ । एक दरभाउपत्रदाताको नाममा खरिद भएको दरभाउपत्र अर्कोको नाममा दर्ता गर्न पाइने छैन ।

१३. क.न.पा.६ स्थित हाटवजारमा निर्माण भएको पसल कवलभाडामा लिने व्यक्तिले शनिवारको हाटकर ठेकेदारलाई तिर्नु पर्नेछ ।

१४. अन्य कुरा प्रचलित आर्थिक ऐन, नियम अनुसार हुनेछ । विस्तृत कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१५.हाटकरको न्युनतम अंक:

(क) क.न.पा. ६ मा शनिवार लाग्ने हाटको लागि रु. ६,६०,०००।- (छ लाख साठ्ठी हजार) मात्र ।

(ख) क.न.पा. भिमानमा शुक्रवार लाग्ने हाटको लागि रु. ३६४६५०।-(तीनलाख चौसठ्ठी हजार छ सय पचास ) मात्र ।

**प्रमुख प्रशासकिय अधिकृत**